## मर्स्याङ्दी गाउँपालिकाको ७३औं बैठकको निर्णयहरु (मिति २०७७/०९/०२) :

१. मर्स्याङदी नदिको तोकिएका क्षेत्रबाट दिगो रुपमा ढुङ्गा गिट्टी तथा बालुवा संकलन/उत्खनन कार्य गर्नको लागी गाँउ कार्यापालिका द्धारा गठन गरिएको बिज्ञ समितिको सिफारिशका आधारमा संक्षिप्त प्रारम्भिक बातावरणीय अध्ययन प्रतिबेदन पारित गरी प्रतिबेदनमा उल्लेख गरिए बमोजिम तपशिलको स्थान परिणाम र लागतमा आधारित रहेर शिलबन्दी दरभाउपत्र आब्हान गर्ने निर्णय गरियो । उक्त प्रतिबेदनमा तपसिल बमोजोमका स्थानहरुमा निम्नानुसारको परिणाम भएको पाईयो ।

| REVENUES FROM RIVER MATERIALS | | | | | | |
|---|---|---|---|---|---|---|
| RIVER | LOCATION | WARD | DIMENSION | | YEARLY DEPOSITION (CUM) | VOLUME POSSIBLE TO BE DRAWN (CUM) |
| | | | AVERAGE AREA | AVERAGE DEPTH | | |
| MARSYANGDI | Bagaicha | 9 | 1666 | 0.4 | 666.4 | 666.4 |
| | Lampata Soti | 8 | 882 | 1 | 883 | 883 |
| | Buddha Bazaar | 3 | 1240 | 0.5 | 620 | 620 |
| | Ghatte Khola Bagar | 7 | 2260 | 0.5 | 1130 | 1130 |
| | Ngadi | 7 | 1755 | 0.8 | 1404 | 1404 |
| | Kal Dhunga | 6 | 889 | 0.5 | 444.5 | 444.5 |
| | Srichaur, Syange Bazaar | 5 | 854 | 1 | 854 | 854 |
| | | | | | **Total Volume(cum)** | **6001.9** |
| | | | | | **Total Volume(cubic feet)** | **211955.09** |

२. यसकार्यालयलेआव्हानगरेकोठेक्का नः **01/MRM/ROAD/2077-78 (Construction and Upgrading of Bahundanda-Ghermu Road)** को लागी वोलपत्र प्रचलित कानुन बमोजिम मुल्याङ्कन हुदां पारस निर्माण सेवा तनहुलाई परेको तर सम्झौता गर्न नआएकाले निजले बैकमा राखेको जमानत रु २५०००० सार्वजानिक खरिद ऐनको दफा २७(५) वमोजिम आन्तरिक राजस्व खातामा दाखिला गरी निजलाइ कालोसुचीमा राख्ने कार्यालयको निर्णयललाइ अनुमोदन गर्दै त्यस पछिको अर्को न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता **सोयाङ निर्माण सेवा,थाहा,मकवानपुरको** बोलपत्र स्वीकृत गरी सम्झौता गर्न आउन १५ दिनको म्याद दिने निर्णय गरियो। उक्त बोलपत्रदाताको कबोल अंक रु ५६,३१,५६६.८१ (अक्षरुपीः छपन्न लाख एकतिस हजार पाँच सय छैसठ्ठी रुपैया एकासी पैसा मात्र) रहेको छ।

३. गाउँपालिका सदस्यहरूको सुविधाको रकम आन्तरिक स्रोतले खर्च व्यहोर्न नसकिएको अवस्थामा संघीय राजश्व बाँडफाँट श्रोत हुने गरी गाउँपालिकाको शिक्षा (खर्च सङ्केत नं २५३११) मा छुट्याइएको रु. १ करोड बजेटबाट रु. १५ लाख पदाधिकारी अन्य सुविधा (खर्च सङ्केत नं २११४२) मां रकमान्तर गर्ने निर्णय गरियो ।

४. मर्स्याङ्दी गाउँसभा सञ्चालन कार्यविधि, २०७४ अनुरुप आर्थिक वर्ष २०७७/७८ को दोस्रो गाउँसभा मिति २०७७ पौष २७ गते सञ्चालन गर्ने निर्णय गरियो ।

५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १९८ मिति २०७७/०८/२९ गतेको पत्र तथा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ अनुरुप, यस गाउँपालिकाको स्वमूल्याङ्कन गर्नका लागि सूचना प्रविधि अधिकृत भरत राजबाँस्तोलालाई सम्पर्क व्यक्ति तोकी तपसिल बमोजिमका शाखा प्रमुखहरुलाई मूल्याङ्कनको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.स. | विषय क्षेत्र | जिम्मेवार शाखा प्रमुखको नाम थर |
|---|---|---|
| १ | शासकीय प्रवन्ध | भरत राजबाँस्तोला (सूचना प्रविधि अधिकृत) |
| २ | सँगठन तथा प्रशासन | अर्जुन चपाई (प्रशासन अधिकृत) |
| ३ | बार्षिक बजेट तथा योजना | प्रवेश पौडेल (लेखा अधिकृत) |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | प्रवेश पौडेल (लेखा अधिकृत) |
| ५ | सार्बजनिक सेवाप्रवाह | अर्जुन चपाई (प्रशासन अधिकृत) |
| ६ | न्यायिक कार्य सम्पादन | अर्जुन चपाई (प्रशासन अधिकृत) |
| ७ | भौतिक पूर्वाधार | सुरेश गौतम (इन्जिनियर) |
| ८ | सामाजिक समावेशीकरण | विष्णु प्रसाद दाहाल (कार्यक्रम अधिकृत) |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | विष्णु प्रसाद दाहाल (कार्यक्रम अधिकृत) |
| १० | सहकार्य र समन्वय | विष्णु प्रसाद दाहाल (कार्यक्रम अधिकृत) |

६. गण्डकी गा.पा. गोरखामा नेपाल प्रशासन समुह सहायक (पाँचौ )पदमा कार्यरत श्री सुस्मिता पौडेल (क.स.नं. २३६१९५)लाई यस गाउँपालिकाको नेपाल प्रशासन समुह सहायक (पाँचौ ) रिक्त पदमा सरुवाको लागि सहमति दिने निर्णय गरियो ।